स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली फिल्मकी 'डबिङ क्विन'को रुपमा चिनिन्छिन्, रिश्ता बस्नेत । कयौंन् फिल्ममा मुख्य र सहायक महिला कलाकारको डबिङ गरिसकेकी उनले अभिनयमा पनि आफ्नो छुट्टै पहिचान बनाएकी छन् । उनले काम गरेका फिल्मको संख्या एक/डेढ दर्जनभन्दा बढी छ । तर, उनको डेब्यू फिल्म 'होस्टेल' मात्र व्यावसायिक रुपमा सफल मानिन्छ । करिअरलाई मजबूद बनाउन एउटा हिट फिल्मको पर्खाईमा रहेकी रिश्ताको यस वर्षका लागि पहिलो फिल्म 'अदृश्य' यही साउन १९ गतेबाट प्रदर्शन हुँदैछ ।

आजको विचार...



जनता...

(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल

गएको एक वर्षमा व्यक्तिगत जीवनमा ठूलो उतार-चढावको सामना गरेकी अभिनेत्री वर्षा सिवाकोटीले २ वर्षको विश्रामपछि फिल्म 'कामिनो' साइन गरेकी थिइन् । उनले पहिलो पटक अभिनेता प्रदीप खड्कासँग काम गर्दै थिइन् । असारबाट छायांकनको तयारी गर्दै वर्कसप समेत भयो । तर, अब फिल्मको निर्माण नै अन्योल बनेको छ । एकपछि अर्को कलाकारले फिल्म छाडिसकेका छन् । 'कामिनो'को निर्माण अन्योल बनेपछि वर्षा लक्ष्मण रिजालको निर्देशनमा बन्न लागेको फिल्म 'काजी' तिर ढल्किएकी छन् । उनले यो फिल्म सम्झौता गरिसकेकी छन् ।



❒ वर्ष २९ ❒ अंक १६ ❒ २०८० साउन १६ गते मंगलबार 1 August 2023, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### खिर खाएर मनाइयो साउने पन्ध्र

**पाल्पा,** साउन १५/खिर खाएर साउने पन्ध्र मनाइएको छ । सोमबार घर-घरमा खिर खाएर हर्षउल्लासका साथ साउने पन्ध्र पर्व मनाइएको हो ।


परम्परादेखि नै साउन १५ मा खिर खानुपर्छ भन्ने सामाजिक मान्यता अनुरुप परिवार र आफन्त जमघट भई खिर खाइएको छ । अधिकांशले परिवारसँग बसेर खिर खाँदै रमाइलो गरेका तस्वीरहरु सामाजिक सञ्जालमा समेत पोष्ट गरेको देखिन्छ । साउन महिना वर्षात् समय भएकाले पनि विभिन्न रोगहरुबाट छुटकारा पाउनका लागि पनि दुधबाट बनेको पोषिलो खिर खाने गरिन्छ । खिरमा रोग प्रतिरोधात्मक क्षमता हुने भएकाले पनि यो खाने प्रचलन रहेको हो । असारभरी पानी हिलोमा खेल्दा सर्दी लाग्ने र तातो र पोषिलो खिर खाँदा सर्दिबाट जोगीने विश्वास छ, तर पछिल्लो समय गाउँघरमा गाई, भैंसी पाल्ने चलन कम हुँदै गएपछि पोषिलो खिरको मौलिक स्वाद भने हराउँदै गएको छ ।

# गुल्मीमा धान उत्पादन घट्दो, वार्षिक सात करोडको चामल आयात

**सरस्वती जिसी**

**गुल्मी,** साउन १५/सरकारले कृषि उत्पादन बढाएर खाद्यान्नमा आत्मनिर्भर बन्ने योजना बनाइरहँदा गुल्मीमा भने हरेक वर्ष धान उत्पादन घट्दै गएको छ । अघिल्लो वर्षहरुको तुलनामा यहाँ धान उत्पादन घट्दो रहेको हो ।

गत वर्ष यहाँ २३ हजार ७ सय १८ मेट्रिक टन धान उत्पादन भएको थियो । यसवर्ष झन् उत्पादन घट्ने अनुमान गरिएको छ । कम क्षेत्रफलमा धान लगाइएकाले पनि उत्पादनमा कमी आउन सक्ने बताइएको छ । गत वर्ष बर्खे धान आठ हजार ६ सय ७० हेक्टरमा लगाइएको थियो भने यस वर्ष गत वर्षभन्दा क्षेत्रफल घट्ने अवस्था देखिएको छ । जिल्लामा गत वर्ष चैते धान खेती ३ सय ४१ हेक्टर क्षेत्रफलमा गरिएको थियो । यस वर्ष भने ३ सय ११ हेक्टर क्षेत्रफलमा मात्र धान लगाइएको छ । अघिल्लो वर्षभन्दा यस वर्ष चैते धान उत्पादनमा घट्ने अनुमान गरिएको छ । धान उत्पादन घट्दै गएपछि चामल आयातमा भने वृद्धि भएको छ । गुल्मीमा वार्षिक सात करोडभन्दा बढीको चामल आयात हुने गरेको छ । कृषि ज्ञान केन्द्र गुल्मीको तथ्याङ्क अनुसार जिल्लामा एक जनाले सरदर वार्षिक १ सय ३८ केजी चामल खपत गर्दा कम्तीमा ३४ हजार पाँच सय मेट्रिक टन चामल आवश्यक पर्ने गर्छ । १७ हजार मेट्रिक टन चामल मात्र जिल्लामा उपलब्ध रहेको कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले बताए । पहिले मकै, कोदो, फापर पनि खाने गरिन्थ्यो तर अहिले त्यसको खपत घट्दो रहेकाले धेरै भात खाने बानीले चामलको खपत बढ्दो क्रममा रहेको भण्डारीको भनाई छ । मसिना र बास्नादार चामलको उपयोगमा वृद्धि तथा आयातित चामलको गुणस्तर र मूल्यमा स्वदेशी र स्थानीय धानले प्रतिस्पर्धा गर्न नसक्दा धानको आयात बढिरहेको उनले बताए । किसानलाई उन्नत जातको धानको बिउ, आवश्यक परेका बेला रासायनिक मल, सिँचाइ सुविधा, धान रोप्न मेसिन औजार आदिको व्यवस्था गर्न नसक्दा समेत धान उत्पादन वृद्धि हुन सकेको छैन् । धानको उत्पादन र उत्पादकत्व घट्दा र उपभोग बढ्दा चामलमा बाहिरको भर पर्नुपरेको हो । धानको उत्पादन बढाउन नसक्दा चामल आयात भइरहेको छ ।



कुनै बेला चामल निर्यात गर्ने जिल्ला अहिले परनिर्भरताको अवस्थामा पुगे पनि उत्पादन बढाउन ठोस काम हुन सकेको छैन । सरकार र राजनीतिक नेतृत्वले कृषि आत्मनिर्भरताको नारा दिए पनि व्यवहारमा त्यस्तो देखिएको छैन । परम्परागत खेती प्रणालीले पनि उत्पादन बढ्न सकेको छैन । अहिले पनि धान खेती परम्परागत, निर्वाहमुखी र गैरव्यावसायिक रहेको छ । सिँचाइ, मल र बिउ अभाव, गुणस्तरीय बिउ प्रतिस्थापन दर न्यून, माटोमा प्रांगारिक पदार्थ न्यून भई उर्वराशक्ति कमजोर हुनु र सन्तुलित मलखादको अभावले उत्पादकत्व वृद्धि हुन नसकेको हो । जिल्लामा हंशराज, आपझोते, झोप्री, काठे, झिनुवा, सानो भट्टे, ठूलो भट्टे, कोदे, बडियारे, लहरेबडियारे, थापचिनी, गुडुरो, ढल्लोई, पाखे धान, रातो मार्सी धान, मार्सी लगायत स्थानीय जातका धान कृषकहरूले लगाउने गरेको पाईन्छ । अहिले रैथानेभन्दा विकासे धान बढी लगाउने गरिएको छ ।




## रामपुरका व्यवसायिक फर्मको अनुगमन

### अधिकांस पसल नविकरण नगरी सञ्चालन

**पाल्पा,** साउन १५/जिल्लाको रामपुरमा व्यवसायिक फर्मको अनुगमन गरिएको छ । रामपुर नगर सरकारले व्यवसायीलाई करको दायरामा ल्याउने उद्देश्यले अनुगमन गरेको हो ।



नगर सरकारले मुख्य बजार बेझाँड क्षेत्रका पसल तथा व्यवसायको अनुगमन गरेको छ । उपप्रमुख बालकुमारी थापाको संयोजकत्व गएको बजार अनुगमन टोलीले ८७ वटा पसल तथा व्यवसायको अनुगमन गरेको हो । जसमध्ये अधिकांशले व्यवसाय नविकरण नगरेको, केहीले दर्ता नगरेको, प्यान नं. नलिएको, घरभाडा सम्झौता नगरेको, मूल्य सूची नराखेको, खरिद तथा विक्री विल नभएको भेटिएको नगरपालिकाका प्रशासन अधिकृत युवराज पन्थीले जानकारी दिए । अनुगमन टोलीले उनीहरुलाई साउन मसान्त भित्र दर्ता, नविकरण तथा अन्य प्रक्रिया पुरा गर्न निर्देशन दिएको छ । उपप्रमुख बालकुमारी थापाले चालु आर्थिक वर्षलाई नगरको आर्थिक वृद्धिदर वर्षको रुपमा लिएकाले सबै व्यवसायी फर्महरुले कानुन अनुसार व्यवसाय गर्न आग्रह गरिन् । उनले विकासका लागि लक्ष्य अनुसार आन्तरिक स्रोत जुटाउन करको दायरालाई फराकिलो बनाउने विषयमा नगर सरकार लागेकाले व्यवसायीलाई व्यवस्थित तरिकाले व्यवसाय गर्नुपर्ने बताइन् । उपप्रमुख थापाले भनिन्, 'करको दायरामा ल्याई नगरको आन्तरिक आम्दानी वृद्धिसँगै व्यवसायीहरुलाई भविष्यमा अप्ठ्यारो नहोस् भन्ने उद्देश्यले आवश्यक प्रक्रिया पुरा गरेर मात्र व्यवसाय सञ्चालनमा सचेतना जगाउन अनुगमन सुरु गरिएको हो ।'

नगरपालिकाले गत वर्षदेखि बजारलाई व्यवस्थित बनाउन पहल थालेको हो । आगामी दिनमा नविकरण, दर्ता प्रक्रियासँगै बजारका सामग्रीको गुणस्तर मापन र व्यवसाय सञ्चालनका मापदण्ड लगायत विषयमा विषयगत निकायसँग सहकार्य गरेर अघि बढ्ने उनले बताइन् ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## स्तनपान सप्ताह र स्तनपान

विश्व स्तनपान सप्ताह आजदेखि सुरु भएको छ । हरेक वर्ष अगष्ट १ देखि ७ सम्मलाई स्तनपान सप्ताहको रुपमा मनाउने गरिएको छ । स्तनपान सप्ताह एक वार्षिक उत्सव हो । जीवनको पहिलो ६ महिनाको लागि पूर्ण स्तनपानलाई बढवा दिने लक्ष्य लिएर आएको यस साताव्यापी उत्सवको उद्देश्य नयाँ आमाबुबाहरूको बिच जागरूकता पैदा गर्न र संसारभरमा शिशु स्वास्थ्यमा सुधार गर्नु हो । बच्चा जन्मेको जति सक्दो छिटो वा एक घन्टाभित्र स्तनपान गराउनु, पूर्ण स्तनपान अर्थात् ६ महिना पूरा नभएसम्म आमाको दूध मात्र चुसाउनु र बच्चा ६ महिना पूरा भएपछि थप पौष्टिक आहारा सुरु गरी कम्तीमा दुई वर्षसम्म आमाको दूध पनि खुवाइराख्नु स्तनपानको मूल सन्देश हो । आमाको दूध बच्चाका लागि अमृत समान हो । सुरुमा आउने बिगौती दूधमा विभिन्न रोगसँग लड्ने प्रतिरोधात्मक तत्व हुन्छ । यसले बच्चालाई झाडापखाला, श्वासप्रश्वास र अन्य संक्रमणबाट बचाउँछ । सजिलै पचाउन सक्ने आमाको दूधले शिशुको वृद्धि विकासमा ठूलो मद्दत पुऱ्याउँछ । पूर्ण स्तनपान गराएको बच्चाको बौद्धिक विकास पनि राम्रो हुन्छ, तर पछिल्लो समय जन्मेदेखि नै आमाको दूधसँगसँगै बजारमा पाइने दूध समेत खुवाएको पाइन्छ ।

सचेतनाको अभावका कारण धेरै आमाहरुले आफ्नो दूध आएन भनेर बजारबाट लिएको पाउडर वा डेरीबाट ल्याइएको दुध खान दिने गरेको पाइन्छ । यस्तो गलत हो । ६ महिनाको नहुँदासम्म आमाकै दूध खुवाउनु राम्रो हो । बच्चाका लागि आमाको दूध जति पोसिलो र उत्तम खाना अरु कुनै पनि छैन । आमाका लागि पनि यो त्यत्तिकै हितकर छ । जन्मिनेबित्तिकै दूध चुसाउँदा सालनाल बाहिर निस्कन र सुत्केरीपछि हुने रक्त श्राव कम गराउन सहयोग पुग्छ । पाठेघरलाई पहिलेकै ठाउँमा फर्कन सहयोग गर्नुका साथै स्तनपान गानिने र स्तन नली बन्द भई हुने समस्याबाट बचाउँन पनि यसले महत्वपूर्ण भूमिका खेल्दछ । स्तनपानका लागि सहयोग, प्रवर्द्धन र संरक्षण गर्न स्थानीय सरकारले पनि पहल गर्नुपर्दछ । हिजोआज आमाको दूध प्रतिस्थापन गर्ने वस्तुजस्तै पाउडर दूध, फर्मुला मिल्कको विक्री वितरण र प्रयोग अत्यधिक बढ्दै गइरहेको छ । पढेलेखेका र सहरी परिवार पनि सजिलोको लागि पाउडर दूध खुवाउने र कतिपय स्वास्थ्यकर्मीले सुरुमै नवजात शिशुलाई पाउडर दूध खुवाइदिने चलन छ । यसो गर्नु राम्रो होइन् । स्थानीय सरकारले जनचेतना जगाउनुको साथै आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री वितरण नियन्त्रण ऐन अनुसार कडाइका साथ लागू गर्नुपर्ने देखिन्छ । यसो गर्न सकियो भने मात्र स्तनपान सप्ताह मनाउनुले सार्थकता प्राप्त गर्दछ । यसर्थ यसतर्फ सम्बन्धित व्यक्ति, निकाय र स्थानीय सरकारले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

जिन्दगीमा त्यहि यात्रा असम्भव हुन्छ,
जुन यात्रा तपाइले आजसम्म सुरु गर्नुभएकै छैन ।
(अनुरागी शिव भट्टराईको फेसबुक स्टाटस https://www.facebook.compalpali.kancho.)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जनता प्राथमिकतामा पर्दैनन् भने राजनीति कसका लागि ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*भ्रष्टाचार र तस्करको कार्यमा जनताबाट निर्वाचित उच्च पदस्थ व्यक्तिहरु नै संलग्न भएको देखिन्छ । पछिल्लो समय नक्कली भुटानी श्रणार्थी काण्डमा उच्च पदस्थ व्यक्ति संलग्न हुनु, ललिता निवास जग्गा काण्ड तथा १५० किलो सुन तस्कर काण्ड लगायतका गैर कानुनी कार्यमा महत्वपूर्ण व्यक्तिको नाम जोडिनु राम्रो पक्ष भने पक्कै होइन । त्यस माथि पनि प्रतिष्ठित दल तथा तीनका नेतृत्व आरोप प्रत्यारोपमा लाग्नु, यसै सम्बन्धी आवाजहरु सुनिनु, नेतृत्वकर्ता माथि नैतिकताको प्रश्न चिन्ह खडा भएको देखिन्छ । यति मात्रै कहाँ हो, यस्तै संयौ गैर कानुनी कार्यमा राजनीतिक नेतृत्वकर्ता संलग्न भएबाट अनुमान लगाउन सकिन्छ उनीहरुको कार्य शैली र प्राथमिकतामा जनता पर्नै सकेनन् । विभिन्न गैर कानुनी कार्यमा संलग्न मुख्य नाईके नपर्ने कारिन्दा पर्ने, भरीया पर्ने, कर्मचारीतन्त्रमा सुब्बा खरीदार पर्ने स्थिती कहिलेसम्म जनताले देख्न पर्ने हो यो पनि चिन्ताको विषाय बनेको छ । वर्तमान सरकार र सरकारका गृहमन्त्रीले चलाएको भ्रष्टाचारीलाई कारवाही गर्ने अभियान साच्चै देश र जनताको लागि की राजनीति रुपमा सहानुभुति प्राप्त गर्नका लागि ? शंका भने उत्पन्न गराएको देखिन्छ ।*

स्थिर सरकार र स्थिर राजनीति नेपाली आम जनताले दशकौं अगाडिदेखि चाहना गरेको विषय हो । चाहना नहोस् पनि किन विकसित देशहरुको अवस्थालाई हेर्दा ती देशहरु विकसित हुनुको कारणको रुपमा पनि स्थिर राजनीति अवस्थालाई नै मुख्य कारणको रुपमा लिने गरिन्छ । यति मात्रै कहाँ हो र देश विकास र जनताको जीवनस्तर सुधारलाई प्राथमिकतामा राख्ने नेतृत्व कर्ता भएकै कारण त्यस्ता देशहरुले यो सफलता हासिल गरेको देखिन्छ । तर हाम्रो देशमा भने यसैका नाममा व्यवस्था परिवर्तन र सरकार परिवर्तनकै खेलमा बर्षौ वितेको देखिन्छ । अधिकाश ग्रामीण क्षेत्र र दुर्गम क्षेत्रमा बस्ने जनताको दैनिकी भने ज्यादै दयनिय रहेको देखिन्छ । यही कारण भन्ने गरिन्छ व्यवस्था परिवर्तन र सरकार परिवर्तनको दर विश्वमै उच्च छ तर यसलाई सुधार गर्न सकिने कुनै सम्भावना पनि देखिदैन । मतदाताहरु यो पटक त केहि हुन्छ की भनेर उल्लासका साथ मतदान गरेका हुन्छन् तर राजनीतिक दलहरुले पुरानै व्यवहार र कार्यशैलीलाई निरन्तरता दिएको देखेर कहिले राजनीतिककर्मीलाई त कहिले आफैलाई धिक्दै अधिकाश नेपालीको दैनिकी बितेको देखिन्छ । जनताको जीवनस्तर र दैनिकी सुधार गर्नमा केन्द्रीत हुनुपर्ने नेतृत्व कर्ता सत्ता र सरकार परिवर्तनमा केन्द्रीत हुँदा जनता भन्दै छन् राजनीतिक दल र तीनका नेतृत्वको कार्यशैली कहिले जनतामा केन्द्रीत होला ? कहिले राजनीतिक दल भन्दा माथि राष्ट्र र राष्ट्रियता होला ? कहिले जनता प्राथमिकतामा पर्लान् ? यसै सम्बन्धित पक्षलाई लिएर बहस र छलफल निरन्तर भएको देखिन्छ । यीनै विषयमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

राणाशाशन, प्रजातन्त्र, पञ्चायत, बहुदल, निर्दल, लोकतन्त्र हुँदै गणतन्त्र आयो । साशन व्यवस्थाको आसै आशमा अभ्यास र परिवर्तनका लागि साथ दिएका नेपाली जनतालाई अपेक्षित सन्तुष्टि दिन भने व्यवस्था परिवर्तनसँगै बनेका सरकारले सकेनन् । सर्वोपरी जनताको साशन मानिने गणतन्त्रमा पनि उहि नियती भोग्नु पर्दा झनै निराशा उत्पन्न छ । जनताको साशन व्यवस्थाको शताब्दी नै पार लाग्न लाग्दा जनताको जीवनस्तर र दैनिकीमा उल्लेख्य सुधार हुन नसक्नु नै राजनीतिक दल र तीनका नेतृत्व माथि चौतर्फी आलोचना र प्रश्नहरु उत्पन्न भएको देखिन्छ । डोजरे विकास मात्रै विकास देख्ने नेतृत्वका कारण राज्यको बजेटको आकार तीव्र रुपमा बढेता पनि अपेक्षित उपलब्धि भने हासिल भएको देखिदैन् । पर्याप्त रोजगारीका अवसरहरु सिर्जना गर्न नसक्नु र राज्यको पर्याप्त स्रोत साधनको परिचालन गर्न नसक्नु नै जनताको जीवनस्तरमा सुधार गर्न नसक्नुको मुख्य कारणको रुपमा रहेको देखिन्छ । यहि कारण युवापुस्ता रोजगारीका लागि विदेशीन बाध्य भएका छन् । परिणाम स्वरुप ग्रामिण बस्तिहरु युवा विहिन भएको र जेष्ठ नागरिकहरु मात्रै देखिन थालेका छन् । खेती योग्य भूमिहरु बाँझो हुँदै गएका छन् । यहि कारण दैनिक उपभोग्य सामान लगाएत खाद्यन्नमा आयातको अंश बढ्दै गएको देखिन्छ । यसले जनतालाई मात्रै होइन देशकै अर्थतन्त्रमा पनि असर परेको देखिन्छ । भ्रष्टाचार र तस्करको कार्यमा जनताबाट निर्वाचित उच्च पदस्थ व्यक्तिहरु नै संलग्न भएको देखिन्छ । पछिल्लो समय नक्कली भुटानी श्रणार्थी काण्डमा उच्च पदस्थ व्यक्ति संलग्न हुनु, ललिता निवास जग्गा काण्ड तथा १५० किलो सुन तस्कर काण्ड लगायतका गैर कानुनी कार्यमा महत्वपूर्ण व्यक्तिको नाम जोडिनु राम्रो पक्ष भने पक्कै होइन । त्यस माथि पनि प्रतिष्ठित दल तथा तीनका नेतृत्व आरोप प्रत्यारोपमा लाग्नु, यसै सम्बन्धी आवाजहरु सुनिनु, नेतृत्वकर्ता माथि नैतिकताको प्रश्न चिन्ह खडा भएको देखिन्छ । यति मात्रै कहाँ हो, यस्तै संयौ गैर कानुनी कार्यमा राजनीतिक नेतृत्वकर्ता संलग्न भएबाट अनुमान लगाउन सकिन्छ उनीहरुको कार्य शैली र प्राथमिकतामा जनता पर्नै सकेनन् ।

विभिन्न गैर कानुनी कार्यमा संलग्न मुख्य नाईके नपर्ने कारिन्दा पर्ने, भरीया पर्ने, कर्मचारीतन्त्रमा सुब्बा खरीदार पर्ने स्थिती कहिलेसम्म जनताले देख्न पर्ने हो यो पनि चिन्ताको विषय बनेको छ । वर्तमान सरकार र सरकारका गृहमन्त्रीले चलाएको भ्रष्टाचारीलाई कारवाही गर्ने अभियान साच्चै देश र जनताको लागि की राजनीति रुपमा सहानुभुति प्राप्त गर्नका लागि ? शंका भने उत्पन्न गराएको देखिन्छ । त्यसैले सरकारको यस अभियानप्रति आम जनता विश्वस्त भने हुन सकेको देखिदैन । विश्वस्त हुने नहुने सरकारको भावी कार्यशैलीले देखाउला । जे सुकै भएपनि आशा राखौ यो कार्य देश र जनताकै हितका लागि गरिएको होस् । पछिल्लो समय राजनीतिक दल र नेतृत्वकर्तामा जनता र देश प्राथमिकतामा पर्न नसकेको र उनीहरुको दैनिकी अकुत सम्पत्ति विभिन्न माद्यमबाट जम्मा गर्ने जसरी पनि आगामी चुनाव जित्ने बाहेक अरु नरहेको देखिन्छ । सरकारले जनतालाई ल्याउने बजेट पनि प्रत्यक्ष जनतालाई हित हुने योजनाहरु समेटिएको देखिदैन् । यसको बाँडफाड पनि पहुँच र शक्तिकै आधारमा भएको देखिन्छ । जसको कारण जनताको आवश्यकता र प्राथमिकता एकातिर तर सरकारको योजना तथा विकास भने अर्को तिर भएको देखिन्छ । आवश्यकता र औचित्य पहिचान बिना तय गरिएका यस्ता विकासका कार्यले राज्यको अरबौ रकम खर्च भै रहने तर जनताले अपेक्षित उपलब्धि प्राप्त गर्न भने नसक्ने देखिन्छ । यसबाट पनि राजनीतिक नेतृत्वले तय गर्ने विकास कार्यहरु औषतमा जनतालाई प्राथमिकतामा नराखी तय भएको प्रमाणित हुने गर्दछ । विगतमा गरिएका कतिपय राजनीतिक निर्णयहरु आम जनताको भावना विपरीत केहि मुख्य राजनीतिक दलका नेतृत्वकर्ता र विभिन्न देशीविदेशी स्वार्थ समुहको चाहनामा भएको देखिन्छ । यसको ज्वालन्त उदाहरण हिन्दु राष्ट्र, प्रदेश संरचना र स्थापना तथा स्थानीय तहहरुको क्षेत्र तथा केन्द्र निर्धारण हुन् । यी पक्षहरुमा गरिएका निर्णयहरुमा जनताहरु अहिले पनि सन्तुष्टि रहेको देखिदैन । असन्तुष्टिका आवाजहरु सुनिने गर्दछन् तर सुन्ने र सम्बोधन गर्ने कुरामा बेखवर नै देखिने गर्दछन् राजनीतिक दल र नेतृत्वकर्ता । सात प्रदेश र संघमा रहेको संसद विशेषत: जनताको जल्दोबल्दो समस्या र हितमा केन्द्रीत हुनु पर्ने हो तर यसो नभएर सत्ता फेरबदल र ब्यक्तिगत आरोप प्रत्यारोपमा केन्द्रीत भएको देखिन्छ । जिम्मेवार नेता र सासंदका भनाईहरु संसदमा घण्टौसम्म व्यक्तिगत कुण्ठामा केन्द्रीत भएको देखिन्छ । नेकपा एमालेका नेता के.पी ओलीले संसदमा घण्टौ गरेरको भाषण सञ्चार माध्यम, सामाजिक संञ्जाल तथा आम जनतामा आलोचित बन्यो तर यस्ता आलोचनाबाट नेतृत्व आफुलाई सुधार गर्नेतर्फ भने लागेको देखिदैन ।

जब-जब देशमा समस्या आउन्छ, जनताले सरकार तथा राजनीतिक दलहरुलाई अभिभावकको भूमिकाको आशा राख्दछन् तर यहि जटिल अवस्थामा राजनीतिक दलहरु सत्ताको हानथापमा लागेको देखिन्छ । भ्रष्टाचार र कमिशनमा डुबेको देखिन्छ र त जनता भन्दै छन् राजनीतिक दल र तीनका नेतृत्वहरुमा हामी कहिले प्राथमिकतामा पर्ने होलान ? हरेक क्षेत्रमा बेथिती, गैर कानुनी तथा अलोकतान्त्रिक क्रियाकलापले प्रश्रय पाएको देखिन्छ । अस्थिर राजनीतिका कारण कर्मचारी तन्त्र पनि कमिशन र भागबण्डामानै रमाएको देखिन्छ । सरकारी सेवा प्रवाहमा पनि शक्ति र भनसुनले प्रभाव पार्ने गरेको पाईन्छ । सेवा प्रभावलाई स्वचालित, प्रविधिमैत्री, जनतामैत्री बनाउनुपर्नेमा ध्यान नदिएको देखिन्छ । जसको हानि आवाज विहीन सोझा साझा जनता परेको देखिन्छ ।

भाषण र बोलीमा जनता जनार्दन हन्, हामी देश र जनताका लागि राजनीति गरेका हौं भन्ने तर तिनै जनता कहिल्यै उनीहरुको प्राथमिकतामा नपर्ने । यो हुन सक्दैन । आखिर राजनीति कस्का लागि ? जनता जनार्दन हुन भने राजनीतिककर्मी, सासंदले उनैलाई हित हुने खालका योजना र बजेट ल्याउन सक्नु पर्दछ । हरेक क्रियाकलापमा प्राथमिकता जनतालाई दिन सक्नुपर्दछ तर व्यवहार र कार्य शैली भने परम्परालाई निरन्तरता दिने गरेको देखिन्छ । जनताको साशन व्यवस्था मानिने गणतन्त्र त्यस माथि क्रियाशील तीन तहका सरकार तर जनताको दैनिकी र देशको स्थिती उस्तै । यो सुहाउने पक्ष भन्ने पक्कै होइन् । यसका लागि राजनीतिक दलका हरेक कार्यहरु जनतालाई प्राथमिकतामा राखेर गरेको हुनुपर्दछ । यसका लागि सम्वद्ध पक्षहरु आ-आफ्नो ठाउँबाट लाग्न जरुरी छ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । | **तुला** : आफन्तसँग भेटघाट हुनेछ । आज शुभारम्भको चर्चा चल्नेछ । |
| **वृष** : नियमित खर्चसमेत बढ्ने योग छ । सहकर्मीबाट विरोध आउन सक्छ । | **वृश्चिक** : भूमिबाट लाभ रहला । साथीभाइले पनि सहयोग जुटाउनेछन् । |
| **मिथुन** : आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला । | **धनु** : महत्वपूर्ण कामको थालनी हुनेछ । लक्ष्मी प्रसन्न हुने योग छ । |
| **कर्कट** : ज्ञान सिक्ने मौका मिल्नेछ । आर्थिक क्षेत्रमा राम्रै सफलता मिल्नेछ । | **मकर** : आँटेको काम पुरा हुनेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **सिंह** : लाभदायक यात्रा हुनेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । | **कुम्भ** : धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ । |
| **कन्या** : स्वास्थ्यमा खर्च बढ्नेछ । सानो तिनो समस्यामा अल्झनुपर्नेछ । | **मीन** : तर्क, विवाद र प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ । |




# ट्वीटर अब एक्स, नाम र लोगो परिवर्तन



ट्वीटर अब एक्स भएको छ । X.com खोल्दा तपाईं ट्वीटरमा पुग्नुहुनेछ । ट्वीटरमा लोगो पनि फेरिएको छ । अब चराको ठाउँमा तपाईंले अंग्रेजी अक्षरमा एक्स देख्नुहुनेछ । ट्वीटरका मालिक एलन मस्कले ट्वीटर ब्रान्ड समाप्त गर्ने तयारी पूरा गरिसकेका छन् र यो माइक्रो ब्लगिङ प्लेटफर्मको नयाँ चरण सुरु हुने पक्का भएको छ । ट्वीटरको नयाँ युआरएल (X.com) पनि आएको छ । तपाईंको मनमा यसबारे विभिन्न प्रश्न होलान् । ट्वीटर ब्रान्ड समाप्त गर्नु पछाडिको उद्देश्य के हो ? पहिल्यै बनिसकेको ब्रान्डलाई किन समाप्त गरिरहेका छन् मस्क ? नाम फेर्दा के कस्ता परिवर्तन आउनेछन्, यसबारे जानकारी लिऔं । एक्स ल्याउनुको पछाडी एलन मस्कको एउटा ठुलो योजना छ । मोटामोटी रूपमा भन्ने हो भने यो प्लेटफर्मबाट उनले धेरैभन्दा धेरै आम्दानी गर्न चाहेका छन् ।

**एलन मस्कले योजनाबारे जानकारी दिइसकेका थिए**

ट्वीटर किन्ने बेला नै मस्कले आफ्नो योजना स्पष्ट रूपमा प्रस्तुत गरिसकेका थिए । उनले भनेका थिए, 'ट्वीटर किन्नु एक्सको सुरुवातका लागि एउटा ठूलो कदम साबित हुनेछ ।' ट्वीटर लामो समयदेखि घाटामा थियो र एलन मस्कले यसलाई ठुलो पैसा लगानी गरेर किनेका हुन् । त्यसैले यसबाट धेरै पैसा कमाउन चाहनु सामान्य हो । तर उनलाई यो पनि थाहा छ कि ट्वीटरबाट मात्रै यो काम हुन सक्दैन त्यसैले उनले आफ्नो रणनीति अनुसार यसमा ठुलो परिवर्तन ल्याउन सुरु गरेका छन् । पहिला भेरिफिकेसनका लागि पैसा र ट्वीटर ब्लुको सुरुवात र अब लोगो र युआरएलमा परिवर्तन । एलन मस्कले ट्वीटरको ब्रान्ड छिट्टै समाप्त गर्ने घोषणा गरिसकेका छन् र यसलाई एक्ससहित प्रतिस्थापन गर्नेछन् । त्यसपछि उनले नयाँ लोगोको डिजाइन पनि जारी गरेका छन् ।

**अप्रिलबाट भएको थियो परिवर्तनको सुरुवात**

एक्स नामको प्लेटफर्ममा एलन मस्कले ट्वीटरमात्रै नभई अन्य सेवा पनि दिनेछन् । एलन मस्कले केही समय अघि नै ट्वीटरलाई X Corp मा परिवर्तन गरिदिएका थिए । यस वर्ष अप्रिलदेखि नै ट्वीटरले आफ्ना पार्टनरसँग आधिकारिक काम-कारवाहीका लागि एक्स कर्प नामलाई प्रयोग गर्न आग्रह गरेका थिए ।

**सुपर एपको रूपमा काम गर्नेछ एक्स**

एलन मस्कलाई चिनियाँ एप विच्याट असाध्यै मनपर्छ र उनले निकै अघिदेखि आफूले विच्याटजस्तै केही ल्याउन चाहेको बताएका थिए । स्मरण रहोस्, विच्याट चीनको एक सुपर एप हो जहाँ हरेक प्रकारको सेवा पाइन्छ । सुपर एपको अवधारणा एउटा एपमा विभिन्न खालका सुविधा दिनु हो । जस्तै सोसल मिडिया, भुक्तानी सेवा, टिकट बुक गर्ने सेवा, गेमको सुविधा र अन्य युटिलिटी बेस्ड सर्भिस दिइन्छ । एक्स डट कममा ट्वीटर मात्रै होइन एलन मस्कले आफ्ना अन्य कम्पनी पनि रिडायरेक्ट गर्न सक्छन् । टेस्ला, स्पेसएक्स, न्युरालिंक, द बोरिङ कम्पनीदेखि स्टारलिंकजस्ता आफ्ना अन्य प्रोजेक्टलाई पनि एलन मस्कले एक्स डट काम डोमेनमा सिफ्ट गर्न सक्छन् । अर्थात् एक्स डट कम खोल्दा एलन मस्कका विभिन्न कम्पनीको इन्टरफेस खुल्न सक्छ । यद्यपि, यसबारे अहिले नै स्पष्ट जानकारी भने आइसकेको छैन ।

**ट्वीटरको नयाँ चरण एक्सको रूपमा...**

यो माइक्रोब्लगिङ वेबसाइटको नयाँ चरण सुरु भइसकेको छ । पुरानो लोगो र ब्रान्डलाई बिस्तारै समाप्त गरिँदै छ । एलन मस्कले आन्तरिक इमेलमा आफ्ना कर्मचारीलाई ट्वीटरको साटो एक्स नाम प्रयोग गर्न भनेका छन् ।

**एक्स र एलन मस्कबीच पुरानो सम्बन्ध**

एक ट्विटमा मस्कले आफूलाई एक्स अक्षर निकै मनपर्ने बताएका छन् । सन् १९९९ मा एलन मस्कले एक्स डट कमको सुरुवात गरेका थिए । यद्यपि, उनी त्यसमा सह-संस्थापकको रूपमा थिए । पछि यसलाई मस्कले आफ्ना अन्य स्टार्टअप पेपालसँग मर्ज गरेका थिए । पेपाल हाल विश्वको ठुलो पेमेन्ट गेटवेमध्ये एक हो । यद्यपि, सन् २०१७ मा एलन मस्कले पेपालसँग एक्स डटकम डोमेन खरिद गरेका थिए । अब एक्स डट कममा ट्वीटरमा रिडायरेक्ट गरिएको छ, अर्थात् तपाईं ब्राउजरमा एक्स डट कम खोल्नुभयो भने तपाईं ट्वीटरमा जानुहुनेछ ।

**ट्वीटर प्रयोगकर्ताको मिश्रित प्रतिक्रिया, तर मानिस रुष्ट**

ट्वीटरमा गरिएको यो परिवर्तनलाई धेरैले मन पराइरहेका छैनन् । सोसल मिडियामा यो परिवर्तनका लागि मानिसले मस्कको आलोचना गरिरहेका छन् । ट्वीटरमा बारम्बार परिवर्तन भइरहँदा प्रयोगकर्ता यसबाट निकै अलमलिएको र अब यो प्लेटफर्मबाट बाहिरिने योजना बनाइरहेको बताएका छन् । विभिन्न खालका मिम्स पनि सेयर भइरहेका छन् । यद्यपि, एलन मस्कलाई एक दूरदर्शी व्यापारी बताउँदै ट्वीटरमा भइरहेका परिवर्तन सुरुमा मन नपरेपनि पछि गएर मानिसलाई मनपर्छ भनेर धेरैले बताएका छन् । स्मरण रहोस्, एलन मस्कले यसअघि ट्वीटरको लोगोमा कुकुर राखेका थिए । तर उक्त परिवर्तन क्षणिकका लागि मात्रै थियो ।

*-रातोपाटी डटकम*


**लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल लिमिटेड.**

**तानसेन-७ प्रभास, पाल्पा**

**चमेना गृह भाडामा सञ्चालन सम्बन्धी बोलपत्र आह्वानको सूचना**

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०४/१६*

यस **लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल लि.**को परिसरमा रहेको चमेना गृह सञ्चालन गर्न इच्छुक ईजाजत प्राप्त व्यक्ति वा फर्महरुबाट देहायको शर्त सुविधाको अधिनमा रही आफुले उपलब्ध गराउन सक्ने भाडा दररेट सहित रीतपूर्वकको गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

- बोलपत्र फारम वापत रू.**१,०००।००** अक्षरेपी एक हजार रुपैयाँ मात्र (पछि फिर्ता नहुने गरी) यस बैंकको प्रभास स्थित ग्लोबल आइ.एम.ई बैंकको खाता नम्बर **२२९०१०१०००००८३** मा जम्मा गरेको सक्कल बैंक भौचर बुझाई बोलपत्र फारम तथा सर्तनामा लेखा विभागबाट प्राप्त गर्न सकिनेछ ।
- बोलपत्रसाथै फर्मको हकमा कम्पनीको दर्ता प्रमाणपत्र, प्यान दर्ताको प्रमाणपत्र, अर्थिक वर्ष **२०७८/७९** को कर चुक्ता वा कर दाखिला गरेको प्रमाण र सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (आफैले प्रमाणित गरि पेश गर्नु पर्नेछ)।

**बोलपत्र फारम बुझाउने अन्तिम दिन :** २०८०/०४/३० गते बेलुका ५:०० बजे

**बोलपत्र खोल्ने दिन :** २०८०/०४/३२ गते दिनको ११:०० बजे

(बोलपत्र वाला वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिनेछ । बोलपत्र वाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्नमा कुनै बाधा पर्ने छैन ।)

चमेना गृह सञ्चालन गर्ने बोलपत्र स्वीकृत भएको फर्म कम्पनीलाई सेवा सम्झौताको लागि लिखित जानकारी दिइनेछ । चमेना गृह सञ्चालन गर्न छानिएको व्यक्ति, फर्म वा कम्पनीले सात दिन भित्र सम्पर्क गर्न नआएमा निजको धरौटी वापतको रकम जफत गरी योग्यताक्रम अनुसार त्यस पछिको व्यक्ति, फर्म वा कम्पनीलाई चयन गर्ने वा बोलपत्र रद्द गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।

**क्यान्टिन सञ्चालन सेवाको लागि प्रस्ताव गरिएको उच्चतम मासिक भाडा प्रस्तावकलाई यस बोलपत्रको लागि स्वीकृत बोलपत्रकर्ता मानिनेछ ।**

स्वीकृत बोलपत्रदाताबाट कम्तिमा १ महिनाको भाडा बराबरको धरौटी रकम जम्मा गर्नुपर्नेछ ।

*लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल लि.*

*तानसेन-७, प्रभास, पाल्पा*

*फोन नं : ०७५-४११२०१*


# प्रकृति र प्रविधि एक अर्काका विलोम होइनन्

**स्वयम्भुनाथ कार्की :**

*प्रकृतिमा सहजै उपलब्ध सम्पत्तिको सट्टामा जैविक मलहरू, जैविक विषादी आदिका उत्पादक प्रसस्त छन् । जो काम प्रकृतिचक्रको रूपमा सहज नै हुने गर्दछ र करिब करिब विनामूल्य उपलब्ध हुन्छन् त्यसलाई उच्च प्रविधिको प्रयोग गरेको जस्तो गरेर उत्पादन गरी महँगो मूल्य असुल्ने प्रसस्त छन् । वायवीय सड्न पद्धति अर्थात् एरोविक डिकम्पोजिसनले चौध/पन्ध्र दिनभित्रै मल बनाउँछ त्यही अवायवीय तरिका अपनाएमा त्यो समय तीन/चार महिना लामो हुन्छ ।*

सामान्यतया जीवनयापनमा प्राकृतिक तरिकाको भन्ने प्रसंग आउने बित्तिकै वर्तमानका प्रविधि सबै त्याग्नुपर्ने सोच आउने गर्दछ । त्यसैले प्रविधिले सहज बनाएको वर्तमानको विपरीत आदिम युगको जीवन पद्धतिको कल्पना गर्न पुग्ने गरिन्छ । त्यसैले जीवनयापनमा प्रकृतिसँगको सामञ्जस्यता चाहिन्छ भन्ने कुराको अन्तरमनले विरोध गर्न निर्देश गर्छ । किनभने पाकृतिक तरिकाले जीवनयापनको कुरा हुने बित्तिकै अनौठा किसिमका विचार, कल्पना, चित्र आदि मानस पटलमा आउँछ । हात्ती छामेर चिनेको किस्साका जस्तै हुन्छन् ती परिकल्पना वा चित्रहरू । डिस्कभरी जस्ता टेलिभिजनका कतिपय कार्यक्रमहरूले यस्ता विचित्र सोच आउने बनाउँछ । आदिम प्रविधिको नाममा वर्तमानमा भएका औजार सुविधा आदिको प्रयोगविना जीवनको कल्पना गरेर बनाएका शृंखलाहरू रुचाइने पनि गरेका छन् । यस्ता कार्यक्रममा आदिम युगको परिकल्पना गरे पनि पात्रहरूले आदिम औजारको प्रयोग गरेर वर्तमानमा प्रयोग हुने गरेका पौडी पोखरी, कलधारा जस्ता संरचना निर्माण गरेको देखाइन्छ । विलियम हाना र जोसेफ बारबराले सिर्जना गरेको कमिक 'दि फिल्टष्टोन'मा ढुंगे युगको कल्पनामा हात्तीको सुँडले नुहाउने सावरको काम गर्छ, ढुंगाका खोपेर पत्र लेखिन्छ र खोपेरै त्यसमा सही गरिन्छ ।


वातावरण र आधुनिकता बीचको विवाद गर्ने अनेकौं संगठनले प्रकृति र प्रविधि एक अर्काका विपरीत अर्थात् विलोम हुन भन्ने स्थापित कुरा गर्न सहयोग पुऱ्याएका छन् । यो त्यस्ता संगठनहरूको लक्ष होइन, कतिपय बेलामा त यो लक्षको विपरीत प्राप्त भएको हानिकारक सहउत्पादन हो । वातावरण संरक्षणको नाममा, प्रकृतिक वस्तुहरूको प्रयोगका नाममा एक पक्षले प्रयोगका नाममा एक पक्षले अतिशयोक्तिपूर्ण अभियान चलाउँछ । त्यस्तै अर्को पक्षले बढ्दो जनसंख्यालाई खाद्य सामग्री आपूर्तिको नाममा सम्पूर्ण कृषिकर्म नै आफ्नै कारखानामा तयार गरिएका मल, बिउ, दबाई आदिमा मात्र भर पर्ने बनाउन अभियान चलाउँछ । यस्ता व्यापारिक प्रतिष्ठानहरूको यो व्यापारी स्वार्थ्य हानीकारक देखिएको अवस्थामा त्यो रोक्न फैसला भएका उदाहरण छन् । तर केही समयमा कानुनी छिद्र, नेता तथा कर्मचारीतन्त्रमा प्रभाव आदिको सहायताले फेरि आउने गर्दछन् । यो दोहोरो लडाइँमा वंशानुसूत्रलाई नै मर्मत गरेको अर्थात् जेनेटिक्ल्ली मोडिफाइड बिउ, वर्णशंकर बिउ अर्थात हाइब्रिड, पछि काम नलाग्ने बिउ अर्थात् टर्मिनेटर टेक्नोलोजीका बिउहरू उत्पादक छन् । रासायनिक मल, किटनाशक, झारनाशक आदिको प्रयोगको महिमा गाउने विज्ञहरूको एक पिँढी नै तयार भएको छ । रासायनिक मल, वर्णशंकर बिउको नाममा वंशानुसूत्र मर्मत गरेका बिउहरूको नोक्सानी यस्ता विषेशज्ञले बिस्तारै बुझ्दैछन् । अरू प्रकृतिक तरिका अपनाउन सल्लाह दिए पनि अन्तिम विकल्पको रूपमा त्यही रासायनिक नै सल्लाह दिन्छन् । त्यसको विरोधमा अर्गानिक अर्थात् प्रांगारिक खेती, वातावरण बचाउ अभियान, फोहोर सफा गर्ने अभियान आफूले समाजमा उच्चकोटिको योगदान गरेको दम्भ साथ छन् । यस्ता आपसी द्वन्द्वहरूमा सचेतना कार्यक्रमले धेरै कुरा सिकाएको छ । त्यसैले प्रकृतिको काखको धेरैले बुझेका छन् । बुझेको मात्र होइन यसैको अभियानमा लागेका छन् तर यसमा अतिशयोक्तिले जितेको छ । प्रकृतिमा सहजै उपलब्ध सम्पत्तिको सट्टामा जैविक मलहरू, जैविक विषादी आदिका उत्पादक प्रसस्त छन् । जो काम प्रकृतिचक्रको रूपमा सहज नै हुने गर्दछ र करिब करिब विनामूल्य उपलब्ध हुन्छन् त्यसलाई उच्च प्रविधिको प्रयोग गरेको जस्तो गरेर उत्पादन गरी महँगो मूल्य असुल्ने प्रसस्त छन् । वायवीय सड्न पद्धति अर्थात् एरोविक डिकम्पोजिसनले चौध/पन्ध्र दिनभित्रै मल बनाउँछ त्यही अवायवीय तरिका अपनाएमा त्यो समय तीन-चार महिना लामो हुन्छ । तर, अर्ग्यानिक वेष्ट डिकम्पोजर भनेर छिट्टै मल बनाउने झोलको व्यापार फष्टाएको छ । रासायनिक मल, किटनाशक आदि प्रयोग नभएको भनेर त्यसलाई महत्व दिने संस्कारको पनि विकास भएको छ । यस्ता उत्पादहरूको मोल धेरै पाउन तथा विदेश पठाउन यो प्रांगारिक हो भनेर प्रमाणीकरण हुने गरेको छ । यस्ता प्रमाणीकरण गर्ने, अनुगमन गर्ने विदेशी निकायहरू छन् । अर्थात् प्राकृतिको काखमा बस्नु भनेको सामान्य जीवनयापनभन्दा अलग कुरा हो सामान्यभन्दा महँगो हो भन्ने अवधारणको निर्माण भएको छ । यसै कारणले प्रकृतिको काखभन्दा टाढा भएको अवस्थामा हुने हानीसँग सबै परिचित छन् तर प्रकृतिको काखमा आउन अन्य कुनै सहायता वा सहायक सामग्रीको खोजी अवचेतनले गरिरहेको छ । यस्ता अभियानमा लागेकाहरूको त के कुरा र स्वयं प्रशिक्षक नै व्यावहारिक रूपमा प्रयोग गर्न नसकेको अवस्था छ ।

यो एक स्वभाविक प्रक्रिया हो, यसलाई अपनाएको कुरा प्रदर्शनयोग्य तत्व हुँदैन । जसरी कसैले पिरामा पलेटी मारेर हातले मुछेर खाएको कुरा प्रदर्शन गर्न योग्य कुरा नै केही हुँदैन तर त्यही कुरालाई होटेल व्यवसायीले राम्रो कमाइको मेलो बनाउन सक्छ । पिरामा बसेर थालको वरिपरि कचौराहरूको घेरा लगाएर खाने कुरा युवा पुस्तालाई रहर र आकर्षणको कुरा हुन्छ । अझ त्यसमा कोदाको ढिँडो, सिस्नुको तरकारी, गाभाको अचार भयो भने त एक छाकलाई हजारौं तिर्न तयार हुने प्रवृत्ति देखिन्छ तर जुन स्थानमा तल्लो वर्गको मुख्य खाना नै त्यही छ उसको निमित्त त्यसमा कुनै आकर्षण हुँदैन । उसले त मसिना चामलको भात उसको पहुँच बाहिरको सितनसँग टेबलमा राखेर कुर्सीमा बसेर खानु सपना हुनसक्छ । प्रकृतिले सबै कुरा करिब-करिब सित्तैमा दिएको हुन्छ । प्रकृतिले सबैको निमित्त उपभोग्य सामग्री उत्पादन गरेको हुन्छ । जो चिन्ने र प्रयोग गर्ने तरिका मान्छेले भुल्दै नै गएको छ । बाहिर छानिएर बोतलमा राखिएको पानी, घरमा त्यही पानी जारमा किनेर वा युभी, आरओ जस्ता नामले बजारमा आएका छान्ने यन्त्रबाट छानिएको पानी प्रयोग गर्ने सबै भएका छन्, केही अपवाद भने होलान् तर उनीहरूलाई आजभन्दा बीस वर्ष जति पहिले यस्तो पानी प्रयोग गर्दैनथे अपवादका केही छोडेर । पानी उमालेर छानेर प्रयोग गर्नु प्रयाप्त हुन्थ्यो । प्रकृतिसँग जति टाढा हुन सक्यो त्यति नै सुसंस्कृत, आधुनिक हुने होडमा मान्छेले आफ्नो प्रतिरोध क्षमता हराउँदैछ । सबैजसो धर्म, सम्प्रदायमा प्रकृतिको पूजा हुन्छ । आजकल कसैले आफूलाई मात्र प्रकृतिको पूजक भने पनि ऊ प्रकृतिपूजक रहेन । किनभने प्रकृति पुज्नु भनेको केवल कर्मकाण्डमात्र होइन प्रकृतिको सकेसम्म उपभोग गर्नु पनि हो तर त्यो आफूलाई आवश्यकभन्दा बढी उपयोग गर्नु वा कब्जा गर्नु भने अपराघ हो । यो अपराधको सजाय मान्छेले पाउँदै आएको छ । केही दशकपहिले नियमित आउने बाढी, हावाहुरी, भुइँचालो आदिले त्यसबेला गरेको क्षति र त्यो जति नै वा त्यसभन्दा कम तीव्रता भएका यस्तै कुराले गर्ने क्षति धेरै बढेको छ । किनभने प्रकृतिको काखमा हुँदा यस्तो क्षति सहन क्षमता, त्यससँग लड्ने शक्ति धेरै घटेको छ । चार्ल्स डार्बिनको विकासवादको सिद्धान्तले उपभोग नहुने क्षमता समाप्त हुँदै जान्छ भन्छ ।

प्रकृतिलाई मान्छेले चिन्न छोडेको छ । यो पाँचको परिधि भनेको त्यही प्रकृतिलाई फेरि चिन्ने, प्रकृतिको उपहार उपभोगले आफ्नो जीवनशैली सहज बनाउने एक सोच हो । प्रकृतिको काखमा रमाउन भने प्रकृति चिन्नुपर्छ । प्रकृति चिन्नु र प्रकृतिको काखमा रमाउनु भनेको फेरि आदिम युग जस्तै गुफामा बस्न जानु होइन । विज्ञान र प्रविधिले दिएको सजिलोपना त्याग्नु होइन । केवल प्रकृतिको उपहारको अपव्यय नगर्नु हो, आफूलाई प्रकृतिको प्रतिद्वन्द्वी ठानेर जथाभावी वर्तमान सन्तुलन भत्काउन बन्द गर्नु हो । सबै चिज जस्तै मान्छे पनि प्रकृतिको अंग हो । अंग प्रतिद्वन्द्वी हुनै सक्दैन, यदि भयो भने त्यो नासिएर जान्छ । कतै पनि प्रकृतिमा असन्तुलन भयो भने उसले नयाँ तरिकाले सन्तुलन कायम गर्छ । यो नयाँ सन्तुलनमा कतिपय अंग समाप्त हुन्छन् र कतिपय नयाँ अंग पैदा हुन्छन् । वैज्ञानिकहरू भन्छन् अहिलेको हिमाल कुनै कालमा समुद्र थियो भने समुद्रको तल कुनै समयमा अग्ला हिमाल थिए । प्रकृति पाँच शक्तिको परिधिमा रहेको हुन्छ । त्यो पाँचलाई सनातनमा पञ्च महाभूत या पञ्चतत्व भनिन्छ र यो पाँचतत्वलगायत आफू वरिपरिको कुरा अध्ययन गरेर प्रकृतिको आवश्यक र उपयोगी दोहन गर्ने जीवन पद्धतिको सोच नै पाँचको परिधि हो । यो टुक्राटुक्रमा विभिन्न तरिकाले र पात्रहरूले उठाउने गरेको जस्तो कुरा होइन । खेतीपातीको कुरा यसमा आउँछ तर यो प्रांगारिक खेती होइन, फोहोरको कुरा आउँछ तर यो फोहोरमैला व्यवस्थापन होइन । त्यसै नगरेर जमिनमुनिको, जमिनमाथिको पानीको कुरा आउँछ तर यो वर्षादको पानी सञ्चय होइन । यो यिनीहरू भन्दा धेरै भेग कुरा हो तर यिनीहरूभन्दा सरल कुरा हो । पञ्चमहाभूत १, आकाश अर्थात् अन्तरिक्ष, २, पृथ्वी अर्थात् जमिन, ३, अग्नि अर्थात् ऊर्जा, ४, वायु अर्थात् हावा र ५, जल अर्थात् पानी हुन् । यही पञ्चमहाभूतको परिधिभित्र प्रकृति भएकाले मान्छे पनि स्वत: त्यसैभित्र पर्दछ । प्रकृति र प्रविधि एक अर्काका विलोम होइनन् । प्रविधि पनि प्रकृतिको हिस्सा हो । प्रकृति र प्रविधिको उपभोगले जीवन सहज बनाउने अवधारणा हो 'पाँचको परिधि' वा फाउण्डेशन फाइभ ।

*-इहिमालय टाइम्स डटकम*

# साउने सोमबार : मन्दिरमा दर्शनार्थीको घुइँचो



**पाल्पा,** साउन १५/साउन महिनाको हरेक सोमबार देशभरका शिवालय मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्ने गरेको छ । तेस्रो सोमबार पनि हिन्दू धर्मावलम्बीले व्रत बसी भगवान् शिवको विधिपूर्वक पूजा आराधना गरेका छन् । साउने सोमबारको अवसरमा हजारौं भक्तजनले सिद्धबाबा मन्दिर लगायत पाल्पाका विभिन्न शिवालयमा पूजा आराधना गर्दै आएका छन् ।

साउनको पहिलो र दोस्रो सोमबार भिडभाड रहेको पाल्पाको तिनाउ गाउँपालिका-३ स्थित सिद्धबाबा मन्दिरमा तेस्रो सोमबार पनि घुँइचो नै देखिन्थ्यो । पाल्पा र रुपन्देहीको सीमा क्षेत्रमा पर्ने भएकाले रुपन्देहीका दर्शनार्थीहरूको बढी भीड लाग्ने गर्छ । मन्दिरमा दर्शन गर्न र पूजा गर्नका लागि बिहान ३ बजेदेखि नै दर्शनार्थीहरू लाइन लागेर बसेका थिए । लाइनमा लागेका दर्शनार्थीहरूलाई पालैपालो पूजा गर्ने व्यवस्था मिलाइएको छ । यता जिल्लाका अन्य शिवालयहरु मन्दिरहरुमा पनि दर्शनार्थीहरुको उत्तिकै घुइँचो लाग्ने गरेको छ । साउन महिनाको सोमबारलाई भगवान शिवको प्रिय दिन मानिन्छ । महिलाहरुले विशेषगरी हरियो रंगका वस्त्र, चुरा र मेहंदी लगाएर भगवान् शिवको पूजा तथा आराधना गरी ब्रत बस्ने चलन रहँदै आएको छ । उक्त कार्य गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ ।

**किन विशेष महत्व छ ?**

साउन शिवजीसँग जोडिएको महिना हो । साउन महिनामा शिवको पूजा गरे सबै देवताको पूजा गरे बराबर फल प्राप्त हुन्छ भन्ने सनातन विश्वास छ । साउन महिना धार्मिक, प्राकृतिक एवं सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण भएकाले यो महिनालाई विशेष रूपमा लिइन्छ । विशेष गरी साउनको सोमबार शिवजीको व्रत एवं पूजा गर्ने चलन छ । पार्वतीले साउन महिनाभरि निराहर रही कठोर व्रत बसेर भगवान शिवलाई प्राप्त गरेको किम्वदन्ती सुनेका हुनाले महिलाहरूले यसलाई बढी महत्व दिन्छन् । साउनको महिना व्रत बसी शिवको पूजा गरे आफू, श्रीमान, सन्तान एवं परिवार सबैको कल्याण हुने धार्मिक विश्वास छ ।

महिनाको अरू दिन नसके पनि सोमबार व्रत बसी शिवलाई शुद्ध जल चढाएर खुसी बनाउन सकिन्छ भन्ने शास्त्रीय मान्यता छ । हिन्दू धर्ममा साउनलाई धर्मकर्मको महिना भनिन्छ । यो महिनामा व्रत, दान, पूजापाठ आदि गर्दा धेरै गुना बढी फल प्राप्त हुन्छ भन्ने विश्वास गरिछ । सोमबारको व्रत विधि पनि अन्य व्रतजस्तै हुन्छ । यो व्रत सूर्योदयदेखि प्रारम्भ भएर तेस्रो प्रहरसम्म रहन्छ ।

# विद्युत प्राधिकरण पाल्पाद्वारा वृक्षारोपण

कृष्ण पोखरेल



**पाल्पा,** साउन १५/नेपाल विद्युत प्राधिकरण पाल्पा वितरण केन्द्रले वार्षिक उत्सवको अवसरमा वृक्षारोपण गरेको छ । प्राधिकरणले ३८ औं वार्षिक उत्सवको अवसरमा कार्यालय, दरवार क्षेत्र परिसर, सव स्टेसन बतासेडाँडा, रुप्से, सिलुवा र कलेक्सन काउण्टर हार्थोक, आर्यभञ्ज्याङ्ग क्षेत्रमा वृक्षारोपण गरेको हो ।

प्राधिकरण पालपामा कार्यरत कर्मचारीहरुले वृक्षारोपण गरेर बार्षिक उत्सव मनाएका हुन् । उनीहरुले आँप, लिची, सुन्तला, कागती, लप्सी लगायतका एक सय पच्चिस भन्दा बढी विरुवा रोपण गरेको थिए । रोपिएका सबै विरुवाहरुको नियमित रेखदेख गोडमेल, समय-समयमा पानी तथा मल राख्ने काम नियमित गर्ने पालपा वितरण केन्द्रका प्रमुख इन्जिनियर विवेक अधिकारीले बताए । विद्युतीय तार नभएको कार्यालय परिसर क्षेत्रमा होचा प्रकृतिका फलफूल छनोट गरी वृक्षारोपण गरिएको कार्यालय प्रमुख अधिकारीले बताए । कार्यालयले हरेक वर्ष फरक-फरक काम गरेर वार्षिक उत्सव मनाउने गरेको कार्यालयका प्रशासन प्रमुख भागिरथ बस्यालले बताए । 'गत वर्ष वार्षिक उत्सवको दिन कार्यालयका कर्मचारीहरुले रक्तदान गरेका थियौ, यस पटक फलफूलका विरुवा रोपेर परिसर क्षेत्रमा हरियालीसँगै भोलीका दिनमा फलफूल खाने वातावरण मिलाएका छौं ।' सफा उर्जा, स्वच्छ वातावरण अभियानलाई सफल बनाउन वृक्षारोपण कार्यक्रम गरिएको प्रशासन प्रमुख बस्यालले बताए ।

पाल्पाका १० वटै पालिकाको ८१ वटा वडामा राष्ट्रिय प्रसारण लाईनको विद्युत सेवा पुगे पनि समग्रमा अझै ५ प्रतिशत क्षेत्रमा विद्युत विस्तारको काम भईरहेको इन्जिनियर अधिकारीले बताए । चालु आर्थिक बर्षमा पाल्पालाई पूर्ण विद्युतिकरण भएको जिल्ला घोषणा गर्ने गरी काम भईरहेको उनको भनाई छ । पाल्पामा ३९ हजार विद्युत उपभोक्ता रहेका छन् भने मासिक रुपमा ३५ लाख युनिट विद्यूत खपत हुदै आएको छ । जिल्लाको तानसेन, हार्थोक र आर्यभञ्ज्याङ्गमा महशुल भुक्तानी काउण्टर र झुम्सा, बासटारी, ताहुँ, आर्यभञ्ज्याङ्ग, हार्थोक, अमलावास र जुठापौवामा फ्युज सेवा सञ्चालनमा रहेका छन् ।

# रामपुरका व्यवसायिक फर्मको...

...रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्रप्रकाश ढकालले दर्ता तथा प्रक्रिया पुरा गरेर, व्यवसायको प्रकृति र उद्देश्य अनुसार मात्र कारोबार गर्न आग्रह गरे । रामपुर नगरपालिकाले यस वर्षदेखि घर बहाल कर उठाउनका लागि सरोकारवालाहरुसँग निरन्तर छलफल गर्दै आएको छ । नगरपालिकाले चालु आर्थिक वर्षमा आन्तरिक आयबाट ७ करोड संकलन गर्ने लक्ष्य लिएको छ । अनुगमन टोलीले पहिलो चरणमा बेझाँड बजार स्कुल रोड र केवुललाई क्षेत्रमा सञ्चालनमा रहेका पसल तथा व्यवसायको अनुगमन गरेको हो ।

उपप्रमुख थापाको नेतृत्वमा निमित्त प्रमुख प्रशासकिय अधिकृत चेमनप्रकाश पोखरेल, रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्रप्रकाश ढकाल, इलाका प्रहरी कार्यालय रामपुरका वरिष्ठ प्रहरी नायव निरीक्षक दलबहादुर बुढा, नेपाल पत्रकार महासंघ पाल्पाका सदस्य दुर्गेश मल्ल, रामपुर नगरपालिकाका प्रेस सल्लाहाकार दानबहादुर हिस्की, रामपुर नगरपालिकाका आन्तरिक लेखा परीक्षक हृदयश पन्थी, प्रशासन शाखा अधिकृत युवराज पन्थी, सुचना तथा प्रविधि अधिकृत महेन्द्र श्रेष्ठ सहितको टोलीले बजार अनुगमन गरेको थियो ।

## खेलकुद समाचार

# स्पेन जापानसँग ४ गोलले पराजित



**काठमाडौं,** साउन १५/महिला विश्वकप फुटबल अन्तर्गत समूह सी को खेलमा जापानले स्पेनलाई ४-० ले पराजित गरेको छ ।

यस जितपछि जापान समूह सी को को विजेता बनेको छ । जापान र स्पेन यसअघि नै दुई खेल जित्दै अन्तिम १६ मा पुगिसकेका थिए । समूह सी को विजेता बन्नका लागि भएको खेलमा जापान स्पेनमाथि हावी भयो । जापान समूह विजेता र स्पेन समूह उपविजेता बनेर नकआउट चरण प्रवेश गरेको छ । जापानका लागि हिनाता मियाजावाले दुई तथा रिको उएकी र मिना तानाकाले समान एक गोल गरे । समूह सी कै अर्को खेलमा जाम्बियाले कोस्टारिकालाई ३-१ ले पराजित गरेको छ । अफ्रिकन राष्ट्र जाम्बियाको विश्वकपमा यो पहिलो जित हो ।


**वर्गिकृत डिस्प्ले**

**१ X ५ साइजमा मात्र**

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको साविक नाम **ग्रिष्मा इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन** द.नं. १९६२१४/०७५/०७६ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री **कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०४/०९** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ग्रिष्मा इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा सामान्य अंकले सुधार




**पाल्पा,** साउन १५/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । अघिल्लो आइतबार चालु आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक भएपछि लगातार ओरालो लागेको (नेप्से) परिसूचकमा सोमबार सामान्य अंकको सुधार देखिएको हो ।

नेप्से परिसूचक पाँच दशमलव ८४ अंकले बढेर दुई हजार एक सय छ दशमलव १८ अंक कायम भएको छ । विभिन्न कम्पनीका दुई सय ६२ कम्पनीको ५५ लाख ३१ हजार सात सय ३७ कित्ता शेयर ४० हजार तीन सय तीन पटक खरिदबिक्री हुँदा रू एक अर्ब ८५ करोड ८० लाख दुइ हजार एक सय ७५ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । जलविद्युत समूह आठ दशमलव ५७, लघुवित्त समूह चार दशमलव १०, र म्युचुअल फन्डका उपसूचक घटेका छन् भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै व्यापार समूह ५६ दशमलव ०१ र उत्पादन तथा प्रशोधन समूह २५ दशमलव ७६ अंकले बढेका छन् । बैंकिङ समूह नौ दशमलव ६८, विकास बैंक १८ दशमलव १२, वित्त २३ दशमलव २०, होटल तथा पर्यटन तीन दशमलव ७६ र लगानी समूह शून्य दशमलव १० अंकले बढेको छ । त्यस्तै, जीवन बीमा समूह दूइ दशमलव ४८, निर्जीवन बीमा समूह चार दशमलव ६१ र अन्य समूह शून्य दशमलव ०८ अंकले बढेको छ । सोमबारको कारोबार पछि सनराइज ब्लुचिप फन्डको शेयर मूल्य सबैभन्दा धेरै सात दशमलव १० प्रतिशतले बढेको छ ।

सबैभन्दा धेरै गुमाउनेमा भने विइन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य चार दशमलव ३१ प्रतिशतले घटेको छ । शिवम् सिमेन्ट लिमिटेडको सबैभन्दा धेरै रू आठ करोड ८ लाख ८६ हजार छ सय पाँच बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै लक्ष्मी उन्नती कोषको एक लाख ९० हजार पाँच सय २५ कित्ता शेयर किनबेच भएको छ ।

# हार्दिक समवेदना



जन्म
२००७/०७/२७

स्वर्गरोहण
वि.सं. २०८०/०४/१०

**स्व. निर्मला खनाल**

**गैरेगाउँ समाज कल्याण समूहका सदस्य,** ता.न.पा-१ गैरेगाउँ निवासी **निर्मला खनाल**को मिति २०८० साउन १० गतेका दिन भएको असामयिक दु:खद् निधनको खबरले यस समूह परिवार अत्यन्त मर्माहित एवं दु:खी भएको छ । यस दु:खद् घडीको आज सातौं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

हुमराज बस्याल
अध्यक्ष
एवं
समस्त गैरेगाउँ समाज कल्याण समूह परिवार
तानसेन-१, पाल्पा,


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई